त्रिभुवन विश्वविद्यालय

व्यवस्थापन संकाय, डीनको कार्यालय

कीर्तिपुर ।

# एम.वि.एस. (MBS)/एम.पि.ए. (MPA) कार्यक्रम (सेमेष्टर प्रणाली) को प्रवेश परीक्षा-२०७८ सम्बन्धी अत्यन्त जरुरी सूचना

**प्रकाशित मिति २०७८/०३/१९**

त्रिभुवन विश्वविद्यालय, व्यवस्थापन संकाय अन्तर्गतको सेमेष्टर प्रणालीमा आधारित Master of Business Studies (MBS) तथा Master of Public Administration (MPA) कार्यक्रम सञ्चालन भएका सम्पूर्ण क्याम्पस / कलेजहरुमा शैक्षिक बर्ष २०७७/०७८ मा विद्यार्थी भर्ना कार्यक्रम देहाय अनुसार सञ्चालन हुने भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| | | |
|---|---|---|
| आवेदन फारम बुझाउने मिति | : | २०७८ असार २० गते देखि २०७८ साउन १८ गते सम्म |
| दोब्बर शुल्क सहित आवेदन फारम वितरण तथा संकलन | : | २०७८ साउन १९ गते देखि २०७८ साउन २५ गते सम्म |
| प्रवेश परीक्षा | : | २०७८ साउन ३० गते, शनिबार |
| प्रवेश परीक्षा समय | : | विहान ८:०० बजे |
| प्रवेश परीक्षाको नतिजा प्रकाशन | : | २०७८ भाद्र ५ गते |
| विद्यार्थीको भर्ना हुने अन्तिम मिति | : | २०७८ भाद्र १५ गते सम्म |
| कक्षा संचालन | : | २०७८ भाद्र १६ गते |

- आवेदन फारम यस संकायको **वेवसाइट www.tudoms.org** अनलाइन मार्फत भर्नु पर्नेछ । सो सम्बन्धी **Link www. fomecd. edu.np** बाट समेत उपलब्ध हुनेछ ।
- विद्यार्थीले आवेदन फारम बापत बुझाउनु पर्ने शुल्क आफूले चाहेको क्याम्पस/कलेजमा बुझाउनु पर्ने छ ।
- सम्वन्धित क्याम्पस/कलेजले उक्त फारम बापत बुझाउनु पर्ने शुल्क एकमुष्ट रुपमा यस संकाय डीनको कार्यालयको ने.बै.लि.खाता नं. ०४५००१०००९९०६६००००१ बुझाई उक्त भौचर www.tudoms.org मा अपलोड गर्नुपर्ने छ ।
- आवेदन फारम बापत रु १५००।- (एक हजार पाँच सय) दस्तुर बुझाउनु पर्ने छ ।
- परीक्षा केन्द्र सम्वन्धी सूचना यस संकायको वेवसाइट **www.fomecd.edu.np/www.tudoms.org** मा पछि प्रकाशित गरिने छ ।

डीन

त्रिभुवन विश्वविद्यालय

शिक्षाशास्त्र सङ्काय

डिनको कार्यालय

कीर्तिपुर, काठमाडौं

# शैक्षिक सत्र २०७७/०७८ एम.एड. तहमा नयाँ भर्नासम्बन्धी सूचना

## (Admission Call for M.Ed. Programs in Face to Face and Online/ Blended Modes)

मिति : २०७८।०३।२०

यस शिक्षाशास्त्र संकायअन्तर्गत आंगिक तथा सम्वन्धन प्राप्त क्याम्पसहरुमा सञ्चालित सबै विषयका एम.एड. तह प्रथम सेमेष्टरको नयाँ भर्ना कार्यक्रमका लागि २०७८ असार २० गतेदेखि फारम वितरण हुनेगरी भर्ना आवेदन आह्वान गरिएको छ। शिक्षाशास्त्रतर्फ स्नातक तह उत्तीर्ण गरेका वा एक वर्षे बि.एड.उत्तीर्ण गरेका विद्यार्थीहरुले आवेदन दिन सक्नेछन्। शिक्षाशास्त्र केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुर र काठमाडौं उपत्यकाभित्रका आंगिक क्याम्पसहरुमा प्रत्यक्ष र अनलाईन (मिश्रित) दुवै माध्यमबाट अध्ययन अध्यापन सञ्चालन हुने भएकाले मुलुकको विभिन्न भागमा रहेका इच्छुक विद्यार्थी तथा शिक्षक/कर्मचारीहरुले घरमै बसी गुणस्तरीय शिक्षा प्राप्त गर्न सक्नेछन्। यस शैक्षिक सत्रदेखि शिक्षाशास्त्र केन्द्रीय विभागमा प्रत्यक्ष र अनलाईन (मिश्रित) दुवै माध्यमबाट सञ्चालन हुने गरी स्नातकोत्तर तहमा Master of Social Studies Education (MSSEd) विषयमा नयाँ कार्यक्रम शुरुआत भएको कुरा पनि जानकारी गराउँदछौं। साथै २०६९ सालदेखि सानोठिमी क्याम्पस, सु.स.मो.या.ब.क्याम्पस सिरहा, गोरखा क्याम्पस गोरखा, बुटवल बहुमुखी क्याम्पस, बुटवल, सुर्खेत क्याम्पस, सुर्खेत र डडेल्धुरा क्याम्पस डडेल्धुराबाट परम्परागत रूपमा खुला तथा दूरशिक्षा प्रणालीबाट सञ्चालन हुँदै आएको एम.एड. (ODL) कार्यकक्रम बन्द गरिएको बेहोरा सम्वन्धित सबैलाइ सूचित गरिन्छ। साथै त्रि.वि. कार्यकारी परिषद्को निर्णयानुसार क्याम्पसहरुले सम्वन्धन/स्वीकृति लिएको प्रत्येक विषयमा कम्तीमा १० जना विद्यार्थी भर्ना गरी कार्यक्रम सञ्चालन गर्न सूचित गरिएको छ। सो अनुसार नभएमा उक्त विषयको कक्षा सञ्चालन गर्न पाइने छैन। भर्नासम्वन्धी थप जानकारीका लागि यस डीन कार्यालयको वेवसाइट ***www.tufoe.edu.np*** मा हेर्न सकिने छ।

**कार्यक्रम**

| | | |
|---|---|---|
| १. | आवेदन फारम वितरण तथा सङ्कलन | : २०७८।३।२० गतेदेखि २०७८।४।१८ गतेसम्म |
| २. | दोव्बर शुल्क सहितको आवेदन फारम वितरण | : २०७८।४।१९ गतेदेखि २०७८।४।२५ गतेसम्म |
| ३. | प्रवेश परीक्षा | : २०७८।४।३० गते शनिवार |
| ४. | प्रवेश परीक्षा नतिजा प्रकाशन | : २०७८।०५।०५ गते |
| ५. | विद्यार्थी भर्ना हुने अन्तिम मिति | : २०७८।०५।१५ गतेसम्म |
| ६. | कक्षा सञ्चालन | : २०७८।०५।१६ गतेदेखि |

७. उपर्युक्त कार्यक्रममा भर्ना हुन चाहने विद्यार्थीहरुले अनलाईन (Online) वा प्रत्यक्ष रूपमा उपस्थित भई सम्वन्धित क्याम्पसहरुमा प्रवेश परीक्षाको फारम भर्न सक्नेछन्।

डीन

शिक्षाशास्त्र सङ्काय